मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)

वडा नं.३१, कमलादी, काठमाण्डौ, नेपाल, फोन नं.: ४१६८६८५, ४१६८६८६, फ्याक्स नं.: ४१६८६८४
E-mail: info@muktinathbank.com.np, URL: www.muktinathbank.com.np

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

मिति: २०७४ / /

को

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फत: NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

कोड नं.

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं.	DP ID	Client ID

श्री संचालक समिति,
मुक्तिनाथ विकास बैंक लिमिटेड
कमलादी, काठमाडौं, नेपाल ।

महाशय,

त्यस विकास बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/४/१९ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस विकास बैंकको जम्मा ..... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा विकास बैंकले जारी गरेको दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा ..... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा ..... कित्ता तथा हक हस्तान्तरण भै आएको ..... कित्ता गरि जम्मा.....कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस विकास बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

शेयर	साविकको जम्मा शेयर कित्ता	हक मध्ये लिन चाहेको शेयर कित्ता	हक हस्तान्तरण गरिएको भए गरिदिनेको शेयरधनी नं./हितग्राही खाता नं.	हक हस्तान्तरण गरि लिएको शेयर कित्ता	आफ्नो हक तथा हक हस्तान्तरण गरिएको समेत
भौतिक रुपमा कायम रहेको			शेयरधनी नं.		
अभौतिक रुपमा कायम रहेको			हितग्राही खाता नं. DP ID / Client ID		
जम्मा					
प्यान नं.			प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.		
अक्षरेपी रुपैयाँ					

चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.	
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक				
	In English	Mr./Mrs./Miss/Minor				USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल			गा.वि.स./न.पा.		
Address	Ward/House No./Tole			VDC/Municipality		
जिल्ला		P.o Box No:/District		नागरिकता प्र.नं./जारी भएको जिल्ला		
District				Mobile/phone No.		
बाबुको नाम						
Father's Name						
बाजेको नाम						
Grandfather's/ Name						
पति/पत्नीको नाम						
Husband/Wife's Name						
संरक्षकको नाम (नाबालकको हकमा)						
Guardian's Name (Incase of minor)						

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोट: १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत:
NIBL CAPITAL एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	MUKTINATH BIKAS BANK LTD.				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: **Code No.**

Received by:

Date: **Stamp**

DP ID

Client ID

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

मुक्तिनाथ विकास बैंक लिमिटेड

१. **संगठित संस्थाको नाम : मुक्तिनाथ विकास बैंक लिमिटेड (MUKTINATH BIKAS BANK LTD.)**

२. **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :**
यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं.३१, कमलादी, काठमाण्डौमा रहेको छ ।

३. **कारोवार स्थान :**
यस विकास बैंकको स्तरोन्ती भई राष्ट्रिय स्तरको विकास बैकमा परिणत भई नेपाल राज्यभर कार्यक्षेत्र विस्तार भएको छ । हाल यस बैंकको केन्द्रीय कार्यालय वागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका-३१, काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौमा रहेकोछ । यस विकास बैंकले हालसम्म १५ जिल्लामा कार्यक्षेत्र विस्तार गरी ५६ वटा शाखा मार्फत सेवा दिंदै आएको छ । स्याङ्जा, कास्की, तनहुं, चितवन, नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, पर्वत, बाग्लुङ्ग, धादिङ्ग, ओखलढुङ्गा, पर्सा, मकवानपुर र काठमाण्डौमा शाखा विस्तार गरी कारोबार सञ्चालन गर्दै आइरहेको छ । कास्की जिल्लाको बुढिबजार, गगनगौडा, हरिचोक, बैदाम, सल्यान, नयाँपुल, पृथ्विचोक, चिप्लेढुङ्गा, छोरेपाटन, हेमजा, काहुखोला, अर्धौ; स्याङ्गजा जिल्लाको पुतलीबजार, बयरघारी, वालिङ्ग, गल्याङ्ग र चापाकोट; तनहुँ जिल्लाको भिमाद, दुलेगौडा, दमौली र डुम्रे; चितवन जिल्लाको भरतपुर शहिदचोक; नवलपरासीको गोपिगञ्ज, गिरुवारी र भुमही, बाग्लुङ्ग जिल्लाको बाग्लुङ्ग बजार तथा रुपन्देहीको ट्राफिकचोक; बुटवल, गल्लामण्डी भैरहवा र हरैया, पर्वत जिल्लाको कार्किनेटा, पाल्पाको पाल्पा र सरई, धादिङ्ग जिल्लाको धादिङ्गबेसी, बैरेनी, आरुघाट, आदमघाट र बेनिघाट, ओखलढुङ्गाको सिद्दिचरण र रामपुर, पर्साको विरगञ्ज, मकवानपुरको हेटौंडा र काठमाण्डौंको महाराजगञ्ज, कमलादी र सितापाइला शाखा कार्यालय मार्फत आधुनिक बैकिङ्ग सेवा कारोवार संचालन गर्दै आईरहेको छ । साथै स्याङ्जाको फेदिखोला, जुम्ले, अर्जुनचौपारी, बिरुवा र मिर्मि, पाल्पाको ताहुं, रुपन्देहीको रामापुर, गुल्मीको रिडी, नवलपरासीको डेढगाउंमा सिमित बैंकिङ्ग कार्यालय मार्फत सेवा दिंदै आएको छ भने धादिङ्गको पुछार बजार र सल्यानटार र कास्कीको ले.पो.उ.म.न.पा.को कार्यालय न्यूरोडमा एक्सटेन्सन काउन्टर मार्फत वित्तीय सेवा प्रदान गरिरहेको छ । बैंकका शाखा कार्यलय र सिमित बैंकिङ्ग कार्यालय संगसंगै लघुवित्तका डेक्स कार्यालय र इकाई कार्यालयहरु राखी बैंकले आधुनिक बैंकिङ्ग, सिमित बैंकिङ्ग सेवाको साथसाथै व्यापक रुपमा लघुत्ति सेवा प्रदान गर्दै आइरहेको छ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य जिल्ला/क्षेत्रहरुमा शाखा कार्यालय खोलि कारोवार गर्न सकिनेछ ।

४. **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**
मुक्तिनाथ विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/१२/२२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६३/९/१८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी, मिति २०६३/९/१९ देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यसका संस्थापकहरुमा नेपाल सरकारको प्रशासनिक उच्च तहको कार्यानुभव भएका तथा वित्तीय क्षेत्र, उद्योग व्यवसाय, शैक्षिक क्षेत्र एवं ब्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन :

क) यस विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै, सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक आन्तरिक तथा बाह्य वित्तीय साधन स्रोत जुटाई, देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,
ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई, गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने र
घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी, संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५. **शेयर पूँजीको संरचना :**
क) अधिकृत पूँजी: यस विकास बैंकको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- (अक्षरेपी दुई अर्व पचास करोड) रहेकोछ, जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा २,५०,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
ख) जारी पूँजी: यस विकास बैंकको जारी पूँजी रु. २,१५,९८,०२,७६४/- (अक्षरेपी दुई अर्व पन्ध्र करोड अन्ठान्नब्बे लाख दुई हजार सात सय चौसाठी) रहेकोछ, जसलाई प्रति शेयर रु. १००/- का दरले २,१५,९८,०२७.६४ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
ग) चुक्ता पूँजी: हाल यस विकास बैंकको चुक्ता पूँजी रु. १,५४,२७,१६,२६०/- (अक्षरेपी एक अर्व चवन्न करोड सत्ताइस लाख सोह्र हजार दुई सय साठी) रहेकोछ, जसलाई प्रति शेयर रु. १००/- अंकित मूल्यका १,५४,२७,१६२.६० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् विकास बैंकको चुक्ता पूँजी रु. २,१५,९८,०२,७६४/- (अक्षरेपी दुई अर्व पन्ध्र करोड अन्ठान्नब्बे लाख दुई हजार सात सय चौसाठी) हुनेछ ।

६. **हकप्रद सेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचना :**

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	१,१०,१४,९९५.३१	५१%	१,१०,१४,९९,५३१.४७	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	१,०५,८३,०३२.३३	४९%	१,०५,८३,०३,२३२.५३	शतप्रतिशत
	जम्मा	२,१५,९८,०२७.६४	१००%	२,१५,९८,०२,७६४.००	

७. **सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**
विकास बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री मिनप्रसाद गुरुङ्ग कोल्मा-६, स्याङजा (संस्थापक समूह)	अध्यक्ष		नेपाली	३०८२७०.६२	स्नातकोत्तर	- अध्यक्ष - कोल्मा सामुदायिक क्याम्पस स्याङ्गजामा विगत ४ वर्षदेखि । - पुर्व सभापति - जिल्ला रेडक्रस सोसाइटि स्याङ्गजाको सभापति भई ४ वर्ष काम गरेको अनुभव । - अध्यक्ष - सामुदायिक विद्युत उपभोक्त समिति स्याङ्गजामा विगत ८ वर्ष देखि । - पूर्व अध्यक्ष - कोल्मा उच्च मा.वि. कोल्मा स्याङजाको अध्यक्ष भई करिव १२ वर्षको कार्य अनुभव ।
२.	श्री खिम प्रकाश मल्ल पुतलीबजार-१,स्याङजा (संस्थापक समूह)	संचालक		नेपाली	१७८८६७.५१	स्नातकोत्तर	- निर्माण ब्यवसायमा आवद्ध भई करिब २१ वर्षको कार्य अनुभव ।
३.	श्री नारायण कुमार श्रेष्ठ बुढाथुम-८, धादिङ्ग (संस्थापक समूह)	संचालक		नेपाली	१८६४०९.७४	स्नातक	- प्रबन्ध निर्देशक - एन मल्टीनेशन मिडिया । - पूर्व अध्यक्ष - साविक सिभिक डेभलपमेण्ट बैंक लि.मा ४ वर्ष अध्यक्ष भई काम गरेको अनुभव ।
४.	श्री नारायण प्रसाद पौडेल आरुखर्क-६, स्याङजा (सर्वसाधारण समूह)	संचालक		नेपाली	४९८५.००	प्रमाणपत्र तह	- अध्यक्ष - विगत १० वर्ष देखि मानव मिलन संस्था आरुखर्क स्याङजाको अध्यक्ष । - उपाध्यक्ष - सामुदायिक विद्युत उपभोक्त राष्ट्रिय महासंघ । - सल्लाहकार संयोजक - सहारा समूह स्याङजा । - शिक्षा क्षेत्रमा २४ वर्षको अनुभव, हाल निवृत्त ।
५.	चुडामणि कडेल लेखानी-३, बाग्लुङ (सर्वसाधारण समूह)	संचालक		नेपाली	९२८७	स्नातकोत्तर	- विगत १८ वर्ष देखि प्रध्यापनरत । - पिएचडी स्कोलर । - पूर्व सञ्चालक - गरिमा विकास बैंक लि. ।
६.	गजेन्द्रमान श्रेष्ठ विदुर न.पा.-९, नुवाकोट (सर्वसाधारण समूह)	संचालक		नेपाली	१४००१५	स्नातकोत्तर	- प्रमुख कायकारी अधिकृत - नर्भिक फार्मेसी । - अध्यक्ष - च्यान फार्मेसी कार्यरत । - संचालक - सिभिक इन्भेष्टमेण्ट प्रा.लि. । - अध्यक्ष - अन्नपूर्ण न्यूरो फार्मेसी ।

नोट: बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ अनुसार संचालक समितिको संरचना मिलाउन संस्थापक समूहको १ (एक) जना संचालकले राजिनामा दिनुभएकोमा स्वीकृत भईसकेको हुंदा आगामी साधारणसभाबाट प्रवन्धपत्र तथा विनियमालवीमा संशोधन गरी बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ अनुसार संचालक समितिको संरचना कायम गरिने छ ।
: नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ संचालक १ (एक) नियुक्त हुन बाँकी रहेको छ ।

विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम : श्री भरतराज ढकाल **ठेगाना** : फापरथुम-४, स्याङजा । **योग्यता** : एम.बि.ए.
अनुभव : बैंक तथा वित्तीय संस्थामा विगत १८ बर्ष देखिको कार्य अनुभव ● डेभलमेण्ट बैंकर्स एसोसिएशन : २०७० देखी २०७२ सम्म प्रथम उपाध्यक्ष भई २ वर्षको कार्य अनुभव ● रोयल को-अपरेटिभ सो. लि. : मिति २०५७ देखी २०६१ सम्म प्रवन्ध निर्देशक भई करिब ५ बर्षको कार्य अनुभव ● जिल्ला बालकल्याण समिति स्याङ्जा: पूर्व अध्यक्ष, ४ वर्षको कार्य अनुभव ● मानव अधिकार तथा शान्ती समाज : २०५७ देखी २०६१ सम्म मानव अधिकार तथा शान्ती समाज स्याङ्जाको संस्थापक सभापती भई ४ वर्ष काम गरेको अनुभव ● श्री भगवती उ.मा.वि. : पूर्व व्यावस्थापन समिति अध्यक्ष, ३ वर्षको कार्य अनुभव ।

८. **संचालक समितिको बनौट :**
यस विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

समूह "क" का संस्थापक शेयरधनीहरुका तर्फबाट नियुक्त हुने	४ (चार)
समूह "ख" का सर्वसाधारण शेयरधनीहरुले आफुमध्ये नियुक्त हुने	३ (तीन)
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक	१ (एक)
जम्मा	**८ जना**

९. **निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :**
स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु. १,५४,२७,१६,२६०/- को दश शेयर बराबर चार शेयर (१० : ४) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ ४ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु. ६१,७०,८६,५०४/- बराबरको प्रति शेयर रु. १००/- अंकित दरका ६१,७०,८६५.०४ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. **लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**
हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. **साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. **हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**
यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई विकास बैकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. **विकास बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	*आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. शेयर पूँजी	५०७,१५०	८३८,४३३	१,१२३,५००	१,५४२,७१६	२,१५९,८०३	२,१५९,८०३	२,१५९,८०३
२. जगेडा तथा कोषहरु	८८,६३८	१३३,६१३	२२०,८०६	९८९,१९२	१,७५३,९५०	२,५९१,९२८	३,५९६,९९१
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	९८,१५०	२७,४७०	-	-	-	-	-
५. निक्षेप दायित्व	५,१९७,८८५	७,७८१,५५८	११,२७६,६५३	१६,७७५,२२३	२६,००१,५९६	३७,७०२,३१५	५०,८९८,१२५
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	७,३५०	१०,४४३	-	-	-	-	-
८. आयकर दायित्व	४,३८०	-	-	१८,०५२	३२७,७५३	३५९,१३४	४३०,७४१
९. अन्य दायित्व	१२५,८८२	२०८,९५५	३१५,७९४	४८४,२५४	५३२,६७९	५८५,९४७	६४४,५४२
कुल दायित्व	६,०२९,४३५	९,०००,४७२	१२,९३६,७५२	१९,८०९,४३८	३०,७७५,७८१	४३,३९९,१२६	५७,७३०,२०१

सम्पत्ति	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	*आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. नगद मौज्दात	१३९,४६२	२२६,५८६	३५६,९१२	४६८,०२६	६०१,७११	८७४,१८१	८३७,१८३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२४७,८९७	४७५,२७०	६९३,१४५	१,३४८,०७०	१,६१७,६८४	२,६६९,१७९	२,९३६,०९७
३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात	१२,७६१	१३,५००	४८,३०७	-	-	-	-
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१,०६२,६४५	१,४१०,४११	१,५७१,३६६	१,९८७,६३०	४,५७१,५४९.१८	७,७७१,६३३.६१	१३,९८८,९४१
५. लगानी	८५,७६९	१०३,४७२	११४,९६०	१६६,९२१	१८३,६१३	१९२,७९४	२०२,४३३
६. कर्जा सापट तथा बिल खरिद	४,३७७,५९६	६,६२५,२६०	९,७९८,६१४	१५,१५९,३९५	२२,७४२,३४७	३०,७०३,७६२	३८,३७९,२७३
७. स्थिर सम्पत्ति	६६,८१६	९६,४६८	२९९,६३७	३९८,९७९	३२९,६०१.०८	३६२,५६१	३९८,८१७
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	३६,४८८	४९,५०६	५३,८११	२८०,४१६	७२९,२७५	८२५,०१६	९८७,४५७
कुल सम्पत्ति	६,०२९,४३५	९,०००,४७२	१२,९३६,७५२	१९,८०९,४३८	३०,७७५,७८१	४३,३९९,१२६	५७,७३०,२०१

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	*आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
१. ब्याज आम्दानी	६१३,७५९	८३६,२४३	१,१७४,७९६	१,८८१,९५३	२,४३३,९७३	३,६३७,१३८	४,७७२,१४१
२. ब्याज खर्च	२८६,९५६	३५०,७९६	४८३,९०५	८५०,१३८	१,०३०,२६४	१,९१६,४८५	२,६६३,६४९
खुद ब्याज आम्दानी	३२६,८०३	४८५,४४७	६९०,८९१	१,०३१,८१५	१,४०३,७०९	१,७२०,६५३	२,१०८,४९२
३. कमिशन तथा डिस्काउण्ट	९,०७६	१२,३७२	२३,०९०	३६,८७७	५५,३१५	५८,०८१	६३,८८९
४. अन्य संचालन आम्दानी	८०,४१६	९१,०६५	१३९,५४७	१८१,४५३	२७२,१७९	२७४,९०१	२८८,६४६
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	४१६,२९५	५८८,८८४	८५३,५२७	१,२५०,१४५	१,७३१,२०३	२,०५३,६३५	२,४६१,०२७
६. कर्मचारी खर्च	९०,४३३	१३३,४९२	१५३,८३१	२५७,९०२	२८३,६९३	४२५,५३९	५१०,६४७
७. अन्य संचालन खर्च	७६,९९०	९५,४२७	१३१,६३४	१९७,४१२	२०७,२८२	२४९,८४७	३१५,०९९
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	२४८,८७१	३५९,९६५	५६८,०६२	७९४,८३१	१,२४०,२२९	१,३७८,२५०	१,६३५,२८१
९. सम्भावित नोक्सानी	२१,५७९	२९,५०५	३९,४५४	५६,७१८	८१,१६३	८२,७७४	७९,३८०
संचालन मुनाफा/(नोक्सान)	२२७,२९२	३३०,४५९	५२८,६०९	७३८,११३	१,१५९,०६५	१,२९५,४७५	१,५५५,९०१
१०.गैर संचालन आम्दानी/(नोक्सान)	७,९७८	२,१९१	२६,०५९	३२,८२०	३६,१०२	१८,०५०.८६	१९,८५६
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	३,३४५	१४,३८१	१५,६६९	५,९९५	६,५९५	३,२९७.३४	३,६२७
नियमित कारोवारबाट भएको मुनाफा	२३८,६१५	३४७,०३२	५७०,३३७	७७६,९२८	१,२०१,७६२	१,३१६,८२३	१,५७९,३८४
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	२३८,६१५	३४७,०३२	५७०,३३७	७७६,९२८	१,२०१,७६२	१,३१६,८२३	१,५७९,३८४
१३.कर्मचारी बोनस व्यवस्था	२१,६९२	३१,५४८	५१,८४९	७०,६३०	१०९,२५१	११९,७११	१४३,५८०
१४.आयकर ब्यवस्था	६५,०७७	९७,८३९	१५७,१२०	२११,८८९	३२७,७५३	३५९,१३४	४३०,७४१
यस वर्षको	६६,३३९	९८,९७०	१५४,४३४	२११,८८९	३२७,७५३	३५९,१३४	४३०,७४१
गत वर्षको	१७६	-	३,४२४	-	-	-	-
पर सारिएको आयकर आम्दानी/(खर्च)	१,४३७	१,१३१	७३९	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	१५१,८४५	२१७,६४४	३६१,३६९	४९४,४०९	७६४,७५८	८३७,९७९	१,००५,०६३
शेयर संख्या (हजारमा)	५,०७२	८,३८४	११,२३५	१५,४२७	२१,५९८	२१,५९८	२१,५९८
प्रति शेयर आम्दानी (रु.)	२९.९४	२५.९६	३२.१६	३२.०५	३५.४१	३८.८०	४६.५३

*आ.ब.०७३/०७४ को आषाढ मसान्तसम्मको वित्तीय विवरण लेखापरिक्षण हुन बाँकी तर ब्यवस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	वास्तविक आ.ब. ०७२/०७३	*आ.ब. ०७३/०७४ आषाढ मसान्त	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६	प्रक्षेपित आ.ब. ०७६/०७७
चुक्ता पूँजी	५०७,१५०	८३८,४३३	१,१२३,५००	१,५४२,७१६	२,१५९,८०३	२,१५९,८०३	२,१५९,८०३
जगेडा तथा कोषहरु	८८,६३८	१३३,६१३	२२०,८०६		१,७५३,९५०	२,५९१,९२८	३,५९६,९९१
कुल	५९५,७८८	९७२,०४६	१,३४४,३०५	१,५४२,७१६	३,९१३,७५२	४,७५१,७३१	५,७५६,७९३
घटाउनेः अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
कुल नेटवर्थ	५९५,७८८	९७२,०४६	१,३४४,३०५	१,५४२,७१६	३,९१३,७५२	४,७५१,७३१	५,७५६,७९३
शेयर संख्या (हजारमा)	५,०७२	८,३८४	११,२३५	१५,४२७	२१,५९८	२१,५९८	२१,५९८
प्रति शेयर नेटवर्थ (रु.)	११७.४८	११५.९४	११९.६५	१००.००	१८१.२१	२२०.०१	२६६.५४
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	२५.४९%	२२.३९%	२६.८८%	३२.०५%	१९.५४%	१७.६४%	१७.४६%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					३२.०५%		

नोट: माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता विकास बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एशोसियट्स, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

१४. **संगठित संस्थाले गर्ने भएको काममा नीहित संभाबित आर्थिक जोखिमहरु :**
क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरुको स्थापना मार्फत उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैकबाट हुन सक्ने अप्रत्याशित निति नियम परिवर्तनबाट विकास बैंकको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव ।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस विकास बैंकको सञ्चालनको इतिहास करिव ११ (एघार) वर्षको रहेको छ । विकास बैंकको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुर्‍याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानी आदिका लागि व्यवस्थापन चनाखो भइ सो हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम: रु. १००/- प्रति सेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. **हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :**
१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व विकास बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली विकास बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा विकास बैंकको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिंदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१६. **यस विकास बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :**

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या (हजारमा)
०७१/०७२	६००/-	५१९/-	५६४/-	१६०.१७
०७२/०७३	१,३४५/-	५५५/-	१,३०७/-	१,३७८.७४
०७३/०७४	१,६५७/-	५९०/-	७९१/-	२४७३.६०
महिना	**अधिकतम शेयर मूल्य (रू.)**	**न्युनतम शेयर मूल्य (रू.)**	**अन्तिम बजार मूल्य (रू.)**	**शेयर कारोबार संख्या (हजारमा)**
२०७४ बैशाख	१,०९२/-	९६०/-	१,००४/-	३०१.९९
२०७४ जेठ	१,०३०/-	९६०/-	९७०/-	२२३.९५
२०७४ असार	९९९/-	९१५/-	९७१/-	१६०.६७

द्रष्टब्य: यस विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१७. **शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :**
स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र विकास बैंकको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१८. **शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**
स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था बमोजिम हकप्रद शेयरको सूचिकरणका लागि धितोपत्र विनिमय बजार तथा अभौतिकरणका लागि अनुमति प्राप्त केन्द्रिय निक्षेप कम्पनीमा निवेदन दिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई गराइनेछ ।

१९. **आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**
साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।
क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको ।
ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको
ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
छ) हक हस्तान्तरणको लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

२०. **हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**
१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।
२) विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप मिति २०७३/८/४ गते सम्पन्न दशौं बार्षिक साधारण सभाबाट दश शेयर बराबर चार शेयर (१० : ४) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) विकास बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि विकास बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि विकास बैंकको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

२१. **निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**
यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम (रु.हजारमा)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिव रु. १२,४०,००,०००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिव रु. ४,१८,८८,६०००/-
३.	शाखा विस्तार	करिव रु. ४,३२,००,०००/-
४.	सरकारी ऋणपत्र	करिव रु. ३,१०,००,५०४/-
	जम्मा	**करिबव रु. ६१,७०,८६,५०४/-**

२२. **निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :**
यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौं	००१०१०१०३२५९७४
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं	०१२४५२४६१६४०९०१५
३.	श्री मुक्तिनाथ विकास बैंक लिमिटेड, काठमाडौंप्लाजा, काठमाण्डौं	०१३१०४००१९७५३४००००१
४.	श्री देव विकास बैंक लिमिटेड, लालदरवार, काठमाण्डौं	३०११०१९४००३५९८

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२३. **हकप्रद शेयर बिक्री खुल्ला अवधि :**
हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला अवधि थप गर्न सकिनेछ ।

२४. **हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१.	श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौ ।
२.	मुक्तिनाथ विकास बैंक लमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वडा नं.३१, कमलादी, काठमाण्डौं तथा विकास बैंकको सम्पूर्ण कार्यालयहरु ।
३.	नेपाल इन्भेष्टमेन्ट बैंक लि. को शाखा कार्यालयहरु : विराटनगर, नेपालगन्ज, र धनगढी ।

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवेदन फारामसाथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लि.को वेवसाइट www.niblcapital.com तथा निष्काशनकर्ता बैंक श्री मुक्तिनाथ विकास बैंक लि. को वेवसाइट www.muktinathbank.com.np बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ ।

२५. **संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :**
यस विकास बैंकको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा रकम रु. १४,०२,५१,६२५.६०/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति	:	**२०७४/५/४ गते**
निष्कासन बन्द हुने मिति	:	**२०७४/६/८ गते (बैकिङ्ग समय पश्चात्)**

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED
वडा नं.३१, कमलादी, काठमाडौं, नेपाल
फोन नं.: ४१६८६८५, ४१६८६८६, फ्याक्स नं.: ४१६८६८४

विषय : मञ्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको .... कित्ता हकप्रद शेयर प्रतिशेयर रु. १००/- का दरले जम्मा रु. .... (अक्षरेपी रु. ....) मध्ये बाँडफाँटमा .... कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी रु. ....) श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं । निजलाई भुक्तानी दिनु भएमा पछि कुनै बाधा बिरोध गर्ने छैन/छैनौं । गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ ।

भवदीय,

निवेदकको दस्तखत :- .... मञ्जुरीनामा पाउनेको दस्तखत :- ....

निवेदकको नाम :- .... मञ्जुरीनामा पाउनेको नाम :- ....

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।